पहिलो वैठक

आज मिति २०७९/०२/०९ गतेका दिन दिउँसो २ :३० बजे धनगढी उप-महानगरपालिकाका नगर प्रमुख श्री गोपाल हमाल ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १) | गोपाल हमाल | नगर प्रमुख | |
| २) | कन्दकला कुमारी राना | नगर उप- प्रमुख | |
| ३). | सन्तोष मुडभरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ४) | धर्मराज ओझा | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ५) | राज वहादुर ऐर | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ६) | बुद्धी बहादुर खड्का | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ७) | गजेन्द्र शाही | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ८) | भागीराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ९) | मोती राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १०) | जुगराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ११) | प्रेम वहादुर भण्डारी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १२) | शिव कुमार राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १३) | रुप वहादुर कुँवर | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १४) | सेर वहादुर महरा | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १५) | विजय राज जोशी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १६) | मान वहादुर विष्ट | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १७) | सुखदेव रानाथारु | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १८) | रामलाल चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १९) | माधव राज राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २०) | भुवन रिजाल | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २१) | बाँधुराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २२) | रामलाल श्रेष्ठ | प्र.प्र.अ/ [redacted] सचिव | |

**निर्णय नं. १**

हालै २०७९ साल वैशाख ३० गते शुक्रबार का दिन देशैभर एकै चरणमा सम्पन्न स्थानीय तह सदस्यको निर्वाचन, २०७९ मा धनगढी उप-महानगरबासी मतदाता आदरणीय आमा वुवा, दाजुभाई तथा दिदीवहिनीहरुले आफ्नो अमुल्य मत प्रदान गरि निर्वाचित हामी जनप्रतिनिधीहरुलाई धनगढी उप-महानगरपालिका र समस्त धनगढी उप-महानगरपालिका बासीहरुको वृहत्त हकहित र विकास/ समृद्धीका लागि सुम्पनु भएको यो ऐतिहासिक जिम्मेवारीलाई कुशलता, ईमान्दारीता र जवाफदेहीपूर्ण ढंगले पुरा गर्ने दृढ प्रतिज्ञा गर्दै यहाहरु सबै प्रति हार्दिक धन्यवाद प्रकट गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

आवधिक निर्वाचन प्रणाली लोकतन्त्रको एक महत्वपूर्ण आधारस्तम्भ हो भन्ने मान्यताका साथ नेपालको संविधान र कानूनले निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा जनताले आफ्नो मताधिकारबाट जनप्रतिनिधी छनौट गर्ने अधिकार सुनिश्चित भए बमोजिम स्थानीय तह सदस्य निर्वाचन २०७९ लाई निष्पक्ष स्वतन्त्र र भयरहित वातावरणमा सफलतापूर्वक सम्पन्न गर्न सहयोग पुऱ्याउने नेपाल सरकार, निर्वाचन आयोग, राजनैतीक दलहरु, सरकारका विभिन्न संयन्त्रहरु, नागरिक समाजका वुद्धीजिवी, समाजसेवी, सन्चारकर्मी मित्रहरु, पर्यवेक्षण टोली आदिका साथै निर्वाचन, मतदान र मतगणना कार्यमा अहोरात्र खटिनु भएका निर्वाचन अधिकृत, मतदान अधिकृत लगायतका राष्ट्रसेवक, सुरक्षाकर्मी, सन्चारकर्मी मित्रहरु लगायत सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

नेपालको राष्ट्र हित, लोकतन्त्र र अग्रगामी परिवर्तका खातिर संघीय लोकतान्त्रीक गणतन्त्र स्थापनाका लागि ऐतिहासिक जन आन्दोलन, सशस्त्र संघर्ष र विभिन्न कालखण्डहरुमा भएका आन्दोलनहरुमा आफ्नो ज्यान उत्सर्ग गर्नु हुने प्रात: स्मरणीय शहिदहरु प्रति उच्च सम्मान प्रकट गर्दै भावपूर्ण श्रद्धाशुमन व्यक्त गर्ने निर्णय गरियो ।

आजको बैठक अन्त भयो ।